# सुरक्षित विद्यालय घोषणापत्र

सशस्त्र द्वन्द्वबाट शिक्षामा जुन असर पर्छ त्यसका गम्भीर मानवीय र सामाजिक प्रभाव हुन्छन्, र त्यसले विकासलाई प्रभावित पनि पार्छ। संसारभरमै विद्यालय र विश्वविद्यालयहरूमा बम पड्काइएको छ, गोलाबारी गरिएको छ र आगो लगाइएको छ। बालबालिका, विद्यार्थी, शिक्षक र प्राज्ञिक व्यक्तिहरूलाई चोटपटक लागेको छ र उनीहरू गैरकानूनी थुना, अपहरण, वा हत्याको शिकार भएका छन्। सशस्त्र द्वन्द्वका पक्षहरूले शैक्षिक निकायहरूलाई आफ्नो सैनिक आधार, छाउनी वा थुनाका रूपमा प्रयोग गरेका छन्। यस्ता कामहरूबाट विद्यार्थी र शिक्षकहरूलाई हानी त हुन्छ नै, ठूलो सङ्ख्यामा बालबालिका र विद्यार्थीहरू शिक्षाको अधिकारबाट वञ्चित हुन्छन् र समुदायहरूको भविष्य-निर्माणको जग नै भत्किन्छ। धेरै देशहरूमा सशस्त्र द्वन्द्वले विद्यालयहरूको भौतिक पूर्वाधार मात्र होइन, एउटा सिङ्गो पुस्ताका बालबालिकाको आशा र महत्त्वाकाङ्क्षालाई तहसनहस पारिरहेको छ।

शिक्षामा गरिने आक्रमण भनेको शैक्षिक स्थल तथा विद्यार्थी र शिक्षासेवामा संलग्न व्यक्तिहरूमा हुने हिंसा पनि हो। आक्रमण र आक्रमणको धम्कीले  व्यक्ति र समाजमा गहिरो र दीर्घकालीन प्रभाव पार्छ। शिक्षामा पहुँचमा कमी आउँछ, शैक्षिक संस्थाहरूको गतिविधि रोकिन्छ, र विद्यार्थी तथा शिक्षामा संलग्न व्यक्तिहरू असुरक्षाका डरले शैक्षिक स्थलहरूदेखि टाढै रहन सक्छन्। विद्यालय र विश्वविद्यालयहरू असहिष्णुता र वहिष्करण बढाउनका लागि आक्रमणहरू गरिएका छन् । उदाहरणका लागि, बालिकाहरूको पढाइमा अवरोध गरेर लैङ्गिक असमानता बढाउन,  समुदाय विशेषका बीचमा द्वन्द्व चर्काउन, सांस्कृतिक विविधतालाई प्रतिबन्ध लगाउन एवं प्राज्ञिक स्वतन्त्रता वा सङ्गठनको अधिकारलाई अस्वीकार गर्न आदिलाई लिन सकिन्छ। सैनिक उद्देश्यका लागि शैक्षिक स्थलहरूको प्रयोग भएमा सशस्त्र पक्षहरूद्वारा बालबालिकालाई भर्ती गरिने जोखिम बढ्नुको साथै  बालबालिका र युवाहरूलाई यौन दुर्व्यवहार र शोषणको ज्यादा सम्भावना  रहन सक्छ। खासगरी यसले शैक्षिक संस्थाहरूमा आक्रमणको सम्भावना बढ्न सक्छ।

शिक्षाले बालबालिका तथा युवाहरूलाई शोषण, चोटपटक र मृत्यबाट जोगाउन मदत गर्न सक्छ। नियमित दिनचर्या र स्थीरता प्रदान गरेर र अरू किसिमका महत्त्वपूर्ण सेवाहरूसित सम्पर्क गराइदिएर सशस्त्र द्वन्द्वका मनोवैज्ञानिक प्रभावहरूलाई कम गराउन पनि यसले मदत गर्छ। "द्वन्द्व संवेदनशील" शिक्षाले द्वन्द्व चर्काउने कुराहरूबाट जोगाउँछ र शान्तितर्फ अग्रसर गराउँछ। विकासका साथसाथै मानव अधिकार र स्वतन्त्रताको पूर्ण उपभोग गर्नका लागि शिक्षा अपरिहार्य छ।  शिक्षा दिइने ठाउँहरूलाई सुरक्षित बनाउनका लागि हामी अधिकतम प्रयास गर्नेछौँ।

हामी विभिन्न राष्ट्रहरूले शिक्षाको अधिकारको संरक्षण र प्रवर्द्धन तथा द्वन्द्वग्रस्त अवस्थामा शिक्षाको निरन्तरताका लागि लिएका अग्रसरताहरूलाई स्वागत गर्छौं। शिक्षाको निरन्तरताले कतिपय जीवन-रक्षक स्वास्थ्य सम्बन्धी सूचनाहरूका साथै सशस्त्र द्वन्द्वको अवस्थामा समाजमा परिआउने कतिपय जोखिमहरूका बारेमा आवश्यक परामर्श पनि उपलब्ध गराउँछ।

हामी बालबालिका र सशस्त्र द्वन्द्वका बारेमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको कामका प्रशंसा गर्छौं र सशस्त्र द्वन्द्वका स्थितिमा बालबालिकाको विरुद्ध हुने गम्भीर उल्लङ्घनको अनुगमन र रिपोर्टिङको संयन्त्रको कदर गर्छौं। हामी सुरक्षा परिषदको रेजल्युशनमा १९९८ (२०११) र २१४३ (२०१४) को महत्त्वमा विशेष जोड दिन्छौँ, जसले अरू कुरासँग-सँगै बालबालिकाको शिक्षासम्मको पहुँचमा व्यवधान पुऱ्याउने

कुनै पनि किसिमका गतिविधिमा संलग्न नहुनका लागि सशस्त्र द्वन्द्वमा संलग्न सबै पक्षलाई आग्रह गर्छ र सदस्य राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय कानुनका विपरीत सशस्त्र सेना र राज्यइतर समूहरूले गर्ने विद्यालयको प्रयोगका विरूद्ध ठोस उपाय अपनाउनका लागि प्रोत्साहन गर्छ।

हामी *सशस्त्र द्वन्द्वमा विद्यालय र विश्वविद्यालयहरूलाई सैनिक प्रयोगबाट संरक्षण गर्न बनेको निर्देशिका* को स्वागत गर्छौं। यो *निर्देशिका* कानूनी रूपमा बाध्यकारी नभएको, राष्ट्रहरूको स्वेच्छामा भर पर्ने निर्देशिका हो र यसले विद्यमान अन्तर्राष्ट्रिय कानूनलाई कुनै पनि प्रभाव पार्दैन। यसले चलिआएका असल अभ्यासहरूलाई आधार बनाएर सशस्त्र द्वन्द्वबाट शिक्षामा पर्ने असरलाई अझ कम गराउँदै लैजाने लक्ष्य राखेको छ। हामी यस *निर्देशिका*को प्रचारप्रसार तथा सशस्त्र सेना, सशस्त्र समूहहरू र अन्य सम्बन्धित पक्षहरूमाझ यसको कार्यान्वयनको प्रवर्द्धनका लागि गरिएका प्रयासहरूलाई स्वागत गर्छौं।

शिक्षामा सबैको अधिकार तथा सबै देशहरूबीच समझदारी, सहनशीलता र मित्रताको अभिवृद्धि गर्नमा शिक्षाको भूमिकालाई आत्मसाथ गर्दै; सशस्त्र द्वन्द्वमा नागरिकहरू, खासगरी बालबालिका र युवाहरूको संरक्षणलाई क्रमिकरूले व्यवहारिक रुपमा सबल बनाउने सङ्कल्प गर्द; सबैका लागि सुरक्षित विद्यालयका लागि काम गर्नमा प्रतिबद्धता व्यक्त गर्दै; हामी *सशस्त्र द्वन्द्वमा विद्यालय र विश्वविद्यालयहरूलाई सैनिक प्रयोगबाट संरक्षण गर्न बनेको निर्देशिका*लाई समर्थन गर्छौं र निम्न कामहरू गर्नेछौं,

- *निर्देशिका*को प्रयोग गर्ने र त्यसलाई सम्भव र उपयुक्त भएसम्म आन्तरिक नीति तथा व्यावहारिक ढाँचामा समावेश गर्ने;
- विद्यमान अनुगमन र रिपोर्टिङ संयन्त्रको प्रयोग समेत गरेर सशस्त्र द्वन्द्वका बेला शैक्षिक स्थलहरूमा भएका आक्रमण, आक्रमणबाट पीडित व्यक्तिहरू तथा विद्यालय र विश्वविद्यालयहरूको सैन्य प्रयोगसित सम्बन्धित विश्वसनीय र सान्दर्भिक तथ्याङ्कहरू जुटाउनका लागि; यस्तो तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउनका लागि; र पीडितहरूलाई विभेदरहित तवरले सहायता दिनका लागि राष्ट्रिय स्तरमा आवश्यक सबै प्रयास गर्ने।
- सशस्त्र द्वन्द्वका बेला भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको उल्लङ्घन सम्बन्धी आरोपहरूको छानविन गर्ने र उपयुक्त ठाउँमा उल्लङ्घनकर्ताहरू विरुद्ध विधिवत रूपमा कानूनी कारवाही अघि बढाउने;
- अन्तर्राष्ट्रिय मानवीय तथा विकास कार्यक्रमहरूमा शिक्षामा 'द्वन्द संवेदनशील' दृष्टिकोणको विकास, अङ्गीकार तथा प्रबर्द्धन गर्ने र राष्ट्रिय स्तरमा पनि सन्दर्भ अनुसार त्यसको प्रयोग गर्ने;
- सशस्त्र द्वन्द्वका बेला शिक्षाको निरन्तरतालाई सुनिश्चित गराउन प्रयास गर्ने, शैक्षिक स्थलहरूको पुनर्स्थापनाका लागि सहयोग गर्ने, र यो घोषणापत्रको कार्यान्वयन गर्ने जस्ता काम गरेर सम्भव भएसम्म शिक्षालाई आक्रमणबाट संरक्षण गर्ने अन्तर्राष्ट्रिय सहायता र सहकार्यहरूलाई सुविधा उपलब्ध गराउने;
- बालबालिका र सशस्त्र द्वन्द्वमा राष्ट्रसंघीय सुरक्षा परिषदका प्रयासहरू, तथा महासचिवका बालबालिका र सशस्त्र द्वन्द्व सम्बन्धी विशेष प्रतिनिधि, तथा राष्ट्रसंघका अरू सान्दर्भिक अङ्ग, निकाय तथा आयोग/एजेन्सीहरूलाई सहयोग गर्ने; र
- सान्दर्भिक अन्तर्राष्ट्रिय संस्था तथा नागरिक समाजहरूलाई निम्त्याएर नियमितरूपमा भेटघाट गरी घोषणापत्रको कार्यान्वयन तथा *निर्देशिका*को प्रयोगको समीक्षा गर्ने।